विजयनगर गाउँपालिका उपाध्यक्ष श्री लक्ष्मी कुमारी चौधरीद्धरा दोस्रो गाउँसभाको तेस्रो अधिवेशनमा प्रस्तुत गर्नु भएको आ.व. २०८०।०८१ को

# नीति¸कार्यक्रम तथा बजेट

## विजयनगर गाउँपालिका

खुहुरीया¸कपिलवस्तु

वि.सं. २०८० असार १० गते¸ आइतवार

**आदरणीय यस गाउँसभाका अध्यक्ष ज्यू ,**

**गाउँसभा सदस्य ज्यूहरु,सभाका सचिव, कर्मचारीहरु,संचारकर्मी तथा विजयनगरबासी सम्पुर्ण दाजुभाई दिदि बहिनीहरु**

१. विजयनगर गाउँपालिकाको उपाध्यक्षको हैसियतले दोस्रो गाउँसभाको तेस्रो अधिवेशनको यस गरिमामय बैठकमा आगामी आ.व.२०८०।०८१ को नीति,कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउदाँ गौरवको महशुस भएको छ।

२. यस अवसरमा लोकतान्त्रिक संघीय गणतन्त्रात्मक व्यवस्था स्थापनाका लागि पटक-पटक भएका राजनीतिक आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात शहीद प्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । **संवृद्ध विजयनगर-सुखि विजयनगर** को सपना पुरा गर्न यस क्षेत्रका सबै जनसमुदाय र नेतृत्व वर्ग प्रति सम्मान प्रकट गर्दछु ।

३. नेपालको संविधान जारी भए पछि दोस्रो पटक स्थानीय तहको निर्वाचन मार्फत जनप्रतिनिधिको रुपमा आएको पनि एक वर्ष वितिसकेको छ । संघीय प्रणालीको मर्मानुसार सक्षम:, स्रोत साधन सम्पन्न:,संस्थागत र सवल स्थानीय सरकार बन्ने कुरामा अझै धेरै चुनौतिहरु रहेका छन् । मुलुकको अर्थतन्त्रमा देखिएको समस्या र संकुचनले गर्दा संघीय सरकार तथा प्रदेश सरकारबाट पुर्व अनुमान गरे बमोजिम अनुदान प्राप्त हुन नसकेको र गाउँपालिकाको आन्तरिक राजश्व पनि अनुमान बमोजिम संकलन नभएको कारणले आ.व.२०७९।०८० को बजेट कार्यान्वयनमा असन्तुलन तथा असहज अवस्था सिर्जना हुन पुगेको छ । यसको प्रत्यक्ष असर आ.व.२०८०।०८१ को बजेट निर्माणमा समेत परेको महशुस भएको छ ।

४. विजयनगरबासी जनसमुदायको विकास र समृद्धिको चाहनालाई प्रभावकारी रुपमा पुरा गर्न हामी सँग प्रयाप्त स्रोत नभएता पनि संघ,प्रदेश र स्थानीय तहका स्रोतहरु तथा अन्य संघसंस्था सँग गरिने साझेदारीबाट सिमित स्रोत साधनलाई प्रभावकारी रुपमा परिचालन गरि सबै वर्ग,क्षेत्र,लिङ्ग समुदायलाई लाभको पहुँच पुऱ्याउने तर्फ हाम्रा नीति,कार्यक्रम र बजेट लक्षित गरिएको छ ।

५. आगामी बजेट पुर्वाधार विकास,सामाजिक न्याय,सुशासन, स्वास्थ्य क्षेत्रमा गुणात्मक सुधार,शैक्षिक पहुँच विस्तार, हरियाली प्रवर्धन मार्फत वातावरण संरक्षण, कृषि तथा पशुपालन क्षेत्रमा उत्पादकत्व वृद्धि र रोजगारी सिर्जना जस्ता क्षेत्रमा लक्षित रहेको छ ।

**अध्यक्ष महोदय,**

अब म चालु आर्थिक वर्षको संशोधित आय व्यय अनुमान,वित्तिय प्रगति तथा विषयगत शिर्षकहरुमा भएको खर्चको मुख्य उपलब्धीहरु प्रस्तुत गर्दछु ।

६. चालु आ.व. को संशोधित आय अनुमान **६६** करोड **५३** लाख **१४** हजार भएकोमा असार पहिलो साता सम्म जम्मा **७८.२१५** प्रतिशत मात्र प्राप्त भएको छ । यसमा आन्तरिक आय तर्फ **६०.६३** प्रतिशत र संघ प्रदेशबाट प्राप्त हुने अनुदान रकम ८०.६१ प्रतिशत मात्र प्राप्त भएको छ । यसै गरी चालु आ.व. को संशोधित विनियोजन ६६ करोड ५३ लाख १४ हजार भएकोमा असार पहिलो साता सम्म ६०.६९ प्रतिशत मात्र खर्च भएको छ । यस मध्य पुँजीगत तर्फ ४८.३ प्रतिशत र चालु तर्फ ७२.७३ प्रतिशत खर्च भई कुल खर्च ६०.५१ प्रतिशत रहेको छ । त्यसै गरी संघीय सरकारबाट हस्तान्तरित बजेट सर्शत,समपुरक र विशेष अनुदानमा कुल ५८.८४ प्रतिशत

खर्च भएको छ भने प्रदेश सरकारबाट हस्तान्तरित सर्शत,समपुरक र विशेष अनुदान तर्फ ४९.६३ प्रतिशत खर्च भएको छ।

## ७. विषयगत क्षेत्र अनुसार भएका खर्चहरुबाट प्राप्त उपलब्धिहरु यस प्रकार रहेका छन्।

### ७.१ सामाजिक सुरक्षा तथा पञ्जिकरण तर्फ

हाल सम्म २२०४ घटना दर्ता गरिएको छ भने ७८०४ जनालाई सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ। साथै **छोरी बचाउँ छोरी पढाऔ कार्यक्रम** अन्तर्गत जम्मा ७३ जना छोरीहरुको खातामा गाउँपालिकाले रु १५ हजारका दरले रकम जम्मा गरिदिएको छ। यसबाट लैङ्गिक अनुपात सन्तुलन गर्न र विभेदपुर्ण लिङ्ग छनौट कार्यलाई अन्त्य गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। आर्थिक रुपले अति विपन्न ९० जना व्यक्तिलाई औषधि उपचार तथा खाद्यन्न सहयोग तथा ७५ जनालाई जस्तापाता सहित आवास सहयोग गरिएको छ। ९३ जनालाई हेन्डपाइप वितरण गरी पिउने पानीको सुनिश्चित गरिएको छ।

### ७.२ सुशासन तथा संस्थागत सेवा प्रवाह तर्फ

गाउँपालिका, वडा कार्यालय, स्वस्थ्य संस्था तथा अन्य विषयगत क्षेत्रबाट प्रदान गरिने सेवा प्रवाहलाई प्रभावकारी बनाउन जनशक्ति अभाव हुन नदिन यस आ.व. सेवा करार तर्फ २९ जना कर्मचारी व्यवस्थापन गरिएको छ। राजश्व संकलन प्रक्रियालाई अनलाईन प्रणाली मार्फत गरिएको छ। गाउँपालिकाको सूचना तथा जानकारीहरु गाउँपालिकाको ग्रुप एस.एम.एस.,ईमेल,फेसबुक पेज,वेवसाइट,रेडियो मार्फत सूचना सम्प्रेषण गर्ने गरिएको छ। सूचनाको हक सम्बन्धि ऐन २०६४ बमोजिम यस गाउँपालिकामा माग गरिएका सूचनाहरु समयमा उपलब्ध गराईएको छ। विजयनगर गाउँपालिकामा भित्र भू-उपयोग योजना निर्माण गरी लामो समय सम्म रोकिएको कित्ताकाट फुकुवा गर्न सिफारिस गरिएको छ।

### ७.३ महिला बालबालिका तथा ज्येष्ठ नागरिक तर्फ

महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा तर्फ आर्थिक वर्ष २०७९।०८० को जेठ मसान्त सम्म कुल बजेटको ७१.१३ प्रतिशत खर्च भएको छ। यसबाट अपाङ्गता भएको व्यक्तिहरुलाई हुइल चेयर,सेतो छडी,बैशाखी आदि जस्ता सामाग्री वितरण गरिएको छ। पाँच वटा बाल क्लब सुचिकृत गरिएको छ। लैङ्गिक हिंसा न्यूनिकरणका लागि समविकास तालिम ३५ जोडीलाई प्रदान गरिएको छ। विजयनगर गाउँपालिकालाई वि.स.२०८४ साल बैशाख सम्ममा बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणाका लागि प्रतिवद्धता गरिएको

### ७.४ रोजगार सेवाकेन्द्र तर्फ

१. यस आ.व. मा रोजगार सेवा केन्द्र मार्फत हाल सम्म ६६ जनाले रोजगारी प्राप्त गर्नु भएकोछ।
भने बैदेशिक रोजगारीका लागि श्रम स्विकृतका लागि अनलाईन मार्फत ३ जनालाई सेवा प्रदान गरिएको छ।

### ७.५ कृषि विकास तथा पशु सेवा तर्फ

यस आ.व. मा कृषि विकास तर्फ तरकारीको विउ (हाईव्रिढ ) ७५० जनालाई,च्याउको विउ १६५० जना,चार्जर स्प्रेयर ७० जना, पम्पसेट १७ जना,विद्युतीय मोटर २० जना, मकैको विउ ७०० जना,कर्न सेलर ६ जना,जेब प्लाण्टर ६१ जना, विषादी १०४० जना,भिटामिन ३३० जना, ढैचा विउ २०० जना,गँहु पकेट कार्यक्रम ४५ जना, खाद्यान्न वालीको उन्नत विउ उपयोग अनुदान ८०० जनालाई वितरण गरिएको छ। यस आ.व. मा पशु सेवा शाखाबाट १२२० वटा पशु,पन्छिको को उपचार गरिएको छ ।साथै पशु,पंछी तथा मत्स्य फार्म गरी २९ वटा फार्महरु दर्ता भएको छ।

## ७.६ स्वास्थ्य तथा आयुर्वेद तर्फ

गाउँपालिकाबाट विनियोजित स्वास्थ्य तर्फको बजेटमा कुल ७९.८९ प्रतिशत खर्च भएको छ भने आयुर्वेद तर्फ कुल ८५..५८ प्रतिशत खर्च भएको छ। यसमा आयुर्वेद सेवा तर्फ कुल ७००० जनसंख्याले लाभ लिएका छन् भने स्वास्थ्य सेवा तर्फ ७४३६ जनाले सुविधा सेवा प्राप्त गरेका छन्।

## ७.७ न्यायीक समिति तर्फ

गत वर्षबाट जिम्मेवारी सरी आएका ७ थान र यो वर्ष दर्ता हुन आएका ६० गरी कूल ६७ थान उजुरीहरु मध्ये ३४ थान उजुरीहरुको मिलापत्र मार्फत् निरुपण गरिएको छ भने ३३ थान उजुरी प्रकृयामा रहेका छन्।

## ७.८ शिक्षा यूवा तथा खेलकुद तर्फ

शिक्षा क्षेत्रको कुल बजेटबाट हाल सम्म ४६.६५ प्रतिशत रकम खर्च भएको छ। यसबाट एम.वि.वि.एस. तथा अन्य उच्च शिक्षा प्राप्त गर्ने ४ जनाले अनुदान पाएका छन्। स्थानीय पाठ्यक्रम तयार भएको छ। विद्यालयहरु मर्मत सम्भार गरिएका छन्। ४ कोठे र २ कोठे भवन निर्माण भएका छन्। बालमैत्री विद्यालय बनाउन ३५ वटा विद्यालयलाई कार्पेटयुक्त बनाईएको छ। विद्यालयमा पहुँच बढाउन र छोड्ने दर घटाउन साइकिल तथा शैक्षिक सामाग्री वितरण गरीएको छ।

## ७.९ भौतिक पुर्वाधार तथा योजना तर्फ

असार पहिलो साता सम्म सम्पन्न भएको उपभोक्ता समिति मार्फत ४३ वटा सडक सम्बन्धि योजना सम्पन्न भएका छन् ।

भवन तर्फ ३३ योजना सम्पन्न भएका छन्। धर्म संस्कृति तथा पर्यटन, खानेपानी र अन्य विविध योजना गरी १० वटा योजना सम्पन्न भएका छन् भने सुरक्षित नागरिक आवास तर्फ १७ जनाले जस्तापातायुक्त छाना लगाएका छन्।

विजयगनर गाउँपालिका भित्र भौतिक पूर्वधार तर्फबाट देहायका कार्यहरु सम्पन्न भएका छन्।

| | |
|---|---|
| ग्राभेल | ५ हजार ९ सय १० मीटर |
| कालोपात्रे | ६ हजार २५ मीटर |
| पि.सी.सी ढलान | ८ सय ८४ मीटर |
| आर.सि.सि ढलान | १ सय १८ मीटर |
| कल्भर्ट | ९वटा |

| | |
|---|---|
| विद्यालय भवन दुई कोठे | ६ वटा |
| वडा कार्यालय भवन | ४ वटा |
| वडा कार्यालय वाउन्ड्रीवाल | ९ वटा |
| स्यालो ट्यूवेल | ५ वटा |
| ब्लक विछायाउने कार्य | ४०२ मीटर |
| नाली निर्माण | ७५० मीटर |

**७.१० वन वातावरण तथा विपद व्यवस्थापन तर्फ**

विजयनगर गाउँपालिका क्षेत्र भित्र रहेका नदिहरुबाट व्यवस्थित रुपले नदि जन्य पदार्थ उत्खन्न,सकंलन तथा व्यवस्थापन गर्न वातावरणिय परिक्षण प्रतिवेदन तयार गरि ठेक्का व्यवस्थापन गरिएको छ। आगलागिबाट पिडित ४० परिवारलाई राहत स्वरुप खाद्यन्न र जस्तापाता वितरण गरिएको छ। विपद प्रतिकार्य सामाग्रीहरु कार्यालयमा भण्डार गरि राखिएको छ। आगलागीका कारण विपदमा परेका २७ जना बालबालिकालाई शैक्षिक सामाग्री वितरण गरिएको छ।

**७.११ नव प्रवर्धन साझेदारी कोष तर्फ**

लुम्विनी प्रदेश  र विजयनगर गाउँपालिकाको साझेदारीमा संचालित नव प्रवर्धन साझेदारी कोष कार्यक्रमबाट हाल सम्म माछापालन,कुखुरापालन,तरकारी खेति प्रवर्धन,खानाको परिकार बनाउने तालिमबाट ३०० जनाले सीप सिकेका छन् भने कुखुराको चल्ला दाना प्रविधि वितरण,तरकारीको विउ मल वितरणबाट करिव ५०० घरधुरीले स्वःरोजगारी मार्फत आयआर्जनमा सुधार गरी गरिवि निवारणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

यसरी, विषयगत क्षेत्र अनुसार आर्थिक विकास तर्फ कुल ३३.५८ प्रतिशत,सामाजिक विकास तर्फ कुल ६८.२३ प्रतिशत,पुर्वाधार विकास तर्फ कुल ५१.७८ प्रतिशत, सुशासन तथा संस्थागत विकास तर्फ कुल ४७ प्रतिशत र कार्यालय संचालन तथा प्रशासनिक खर्च तर्फ कुल ७७.९ प्रतिशत गरी कुल ६०.६९ प्रतिशत  वित्तिय प्रगति भएको देखिन्छ।

**अध्यक्ष महोदय**

८. आ.व. २०७९।०८० को बजेट कार्यान्वयनका क्रममा भोगिएका मुख्य समस्या र चुनौतीहरु प्रस्तुत गर्दछु।

- अर्थतन्त्रमा आएको मन्दि सँगै संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुनुपर्ने समानिकरण अनुदान र राजश्व संकलनमा आएको गिरावटका कारण सम्पन्न योजना तथा कार्यक्रमको समेत समयमा भुक्तानी दिन कठिनाई भएको छ।
- योजनाको छनौट तथा कार्यान्वयनमा स्थानीय समुदाय विच विवाद हुदाँ कतिपय योजना समयमा कार्यान्वयन हुन सकेन्न ।
- भुक्तानी बाँकी दायित्व धेरै हुदाँ योजनाका लागि बजेटको सुनिश्चित गर्न अपठ्यारो परेको छ।

- आयको अनुमान वस्तुगत नहुदाँ खर्च व्यवस्थापनमा कठिनाई भएको छ ।
- कतिपय अनुत्पादक खर्च शिर्षकहरुमा बजेट विनियोजन हुदाँ उपलब्धि मापन गर्न सकिएको छैन । यसले बजेटको अनावस्यक आकार समेत बढाएको छ ।
- समपुरक र साझेदारी प्रकृतिका योजनाहरुमा संघ प्रदेश र साझेदारी गर्ने अन्य निकाय विच फरक बुझाई हुदाँ सम्पन्न कार्यहरु समयमै भुक्तानी दिन सकिएको छैन ।

**अध्यक्ष महोदय**

९. माथि उल्लेखित वित्तिय अवस्था समस्या र चुनौतिको विचमा आर्थिक वर्ष २०८०।०८१ को बजेट निर्माणका आधारहरु यस प्रकार छन् ।

- नेपालको संविधान
- संघ, प्रदेश र विजयनगर गाउँपालिकाको आवधिक योजना
- स्थानीय सरकार संचालन ऐन,२०७४
- दिगो विकासका लक्ष्यहरु,२०१६-२०३०
- स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन
- स्थानीय स्तरमा भएको नीति कार्यक्रम सम्वन्धि छलफलबाट प्राप्त सुझाव,सामाजिक सञ्जाल,ईमेल आदि बाट प्राप्त सुझाव तथा विजयनगरबासी जनताका आवश्यकता  र अपेक्षा

अध्यक्ष महोदय

१०. आ.व. २०८०।०८१ को नीति,कार्यक्रम तथा बजेटका मुख्य उद्वेश्यहरु पेश गर्दछु ।

- सडक पुर्वाधार विस्तार मार्फत जनताको जीवनमा सकरात्मक परिवर्तन ल्याउने ।
- सामाजिक विकास क्षेत्रमा सुधार गरी मानव विकास सुचाङ्कमा सकारात्मक परिवर्तन ल्याउने ।
- कृषि तथा पशु पालन क्षेत्रमा लगानी वृद्बि गरी उत्पादकत्व र स्वःरोजगारी सिर्जना गर्ने ।
- विकास,सुशासन तथा अन्य सवै प्रकारका सेवाहरुलाई जनमैत्री र सहभागितात्मक बनाई स्थानीय सरकार प्रतिको अपनत्व बढाउने ।

अध्यक्ष महोदय

११. माथिको उद्वेश्यहरु हासिल गर्न आ.व. २०८०।०८१ को बजेटका निम्न प्राथामिकता तय गरेको छु ।

- दिगो पुर्वाधार विकास,
- शिक्षा,स्वास्थ्य र सामाजिक समावेशिकरण,
- कृषि,पशुपालन र मत्स्यपालन मार्फत जीवनस्तरमा सुधार रोजगारी सिर्जना,
- हरियाली प्रवर्धन तथा वातावरण संरक्षण,

- सरसफाई,स्वच्छता तथा मौलिकताको संरक्षण।

**सभा अध्यक्ष महोदय,**

**१२.** *अव म क्षेत्रगत रुपमा नीति, कार्यक्रम र त्यसलाई कार्यान्वय गर्ने बजेट प्रस्तुत गर्दछु।*

**आर्थिक विकास** :

**क) कृषि क्षेत्रको विकास, संवृद्धिको निकास** :

- निर्वाहमुखी र परम्परागत कृषि प्रणालीलाई व्यावसायिक तथा आधुनिक प्रणालीमा रुपान्तरणका लागि कृषकहरुलाई आवश्यक ज्ञान, शीप तथा यान्त्रिकरणमा जोड दिई कृषि उत्पादनमा वृद्धि गरिने छ।
- रसायनिक मललाई व्यावस्थित गर्न , प्राङगारिक तथा हरियो मललाई विशेष जोड दिदै माटोको उर्वराशक्ति कायम राख्नको लागि माटो परीक्षरण गरी प्राविधिकको सिफारिस अनुसार मल प्रयोग गर्न व्यावस्था मिलाइने छ।
- वडा नं. १ र २ मा संचालित मकै मिशन कार्यक्रम लाई निरन्तरता दिइनेछ।
- नेपालमा तत्काल सूचीकृत तथा पंजीकरण भएका उन्नत तथा हाईव्रिड जातका वीउ,यान्त्रिकरणलाई मापदण्डको आधारमा स्थानीय कृषकको वारीमा सीधै पुऱ्याउने अनुदाको व्यवस्था गरिनेछ।
- रासायनिक मलको प्रयोग बढी रहेको अवस्था र मलको उपलव्धतामा समस्या भएकोले टोल विकास मार्फत प्राङ्गरिक मल प्रवर्धन शुरुवात गरिने छ।
- आलु वालीको वीउ रोगरहित उत्पादनका लागी वियाँ वाट वीउ उत्पादनमा कार्यक्रमालाई नमूनाको रुपमा सुरुवात गरिनेछ ।
- व्यवसायिक रुपमा च्याउ खेती प्रर्वधन गरी स्वरोजगारी सिर्जना गर्न थप व्यवस्थित गरिनेछ।
- माथि उल्लेखित नीति तथा कार्यक्रम कार्यन्वयको लागी ३२ लाख ७० हजार विनियोजन गरिएको छ।

**<u>(ख) पशुपालनमा जोड, गरौं यूवाले होड</u>**

- विजयनगर गाउँपालिका भित्र रहेको व्यवसायिक रुपमा माछापालन गर्ने कृषकलाई आवश्यक अनुदान उपलब्ध गराउदै लगिनेछ।
- नश्ल सुधारका लागि प्राकृतिक तथा कृत्रिम गर्भाधानको कार्यक्रमलाई प्रभावकारी बनाईनेछ र पशुमा कृत्रिम गर्भाधानमा गर्ने किसानहरुलाई प्रोत्साहित गर्नका लागी जनसक्शतीलाई तालिम दिईनेछ।
- पशुपन्छीमा लाग्ने आन्तरिक तथा बाह्य परजिवी लगायत विभिन्न किसिमका रोगहरुको उपचारको लागि पशु सेवा शाखा औषधी वितरण कार्यक्रम लाई निरन्तरता दिईनेछ।
- HSand BQ , Rabbies F.M.D रोग विरुद्ध भ्याक्सिन पशु सेवा शाखा मार्फत निःशुल्क लगाउन ब्यावस्था मिलाईनेछ।

- माछा र कुखुरा विक्री स्टल व्यवस्थित गर्नको लागी यस पालिकाबाट किसानलाई प्रोत्साहन लागत साझेदारीमा अनुदान वितरण गरिनेछ।
- यूवाहरुलाई पशुपालन मार्फत रोजगारी सिर्जना गर्न २९ लाख ८० हजार विनियोजन गरिएको छ।

**(ग) पर्यटन/संस्कृती:**

- यस गाउँपालिकाको पहिचानको रुपमा रहेको **"शंकरपुर तालको"** वृहत्तर विकासको लागि संघीय सरकार द्वारा निर्मित गुरुयोजनाको कार्यान्वयन मार्फत्ताललाई अवलोकन योग्य पर्यटकीय तथा पिकनिक स्पोर्टको रुपमा विकास गरी आन्तरिक पर्यटन प्रवर्द्धनमा विशेष जोड दिइनेछ।
- गाउँपालिका भित्र बसोबास गर्ने आदिवासी जनजातीको भेषभुसा एवं धर्म सस्कृतिको संरक्षण, सम्वर्द्धन एवं प्रचारप्रसार मार्फत पर्यटनमैत्री वातावरणको सिर्जना गरिनेछ।
- थारु संग्राहलय, होमस्टे लगायतका पर्यटकिय संरचनाहरुको रचनात्मक एवं कलात्मक ढंगले निर्माण कार्य सम्पन्न गरी यस पालिकाको पहिचानको रुपमा विकाश गरिनेछ।
- यसका लागि आवश्यकता अनुसार बजेट विनियोजन गरिएको छ।

**(घ) सहकारी:**

- गाउँपालिका भित्र सञ्चालनमा रहेका सहकारीहरुलाई व्यवस्थित गर्न नियमित अनुगमन एवं नियमनका साथै औचित्यको आधारमा सहकारी एकिकरणलाई प्रोत्साहन गरिनेछ। सहकारी क्षेत्रको व्यवस्थापनका लागि एक मुष्ठ रु ५ लाख विनियोजन गरिएको छ।

## १. सामाजिक विकास तर्फ

क. शिक्षा, युवा तथा खेलकुद

- गाउँपालिकाका माध्यमिक तथा आधारभूत विद्यालयहरुलाई स्रोत साधनयुक्त बनाउन विद्यालय सुधार योजना सञ्चालन गरिनेछ। विद्यालयको मर्मत संभारको उचित व्यवस्था मिलाइनेछ। विद्यालयमा सुचना तथा संचार प्रविधिलाई प्रयोगमा ल्याइनेछ। शिक्षक अभाव हुन नदिन स्वयमसेवक शिक्षकलाई निरन्तरता दिइनेछ। उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरुलाई मापदण्ड बनाई छात्रवृत्ती अनुदान दिइनेछ। आर्थिक विपन्नताको कारण शैक्षिक अवसरबाट वञ्चित बालवालिकालाइ विद्यालय शिक्षाको पहुँचमा सुनिश्चितता गर्न कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालयको विषयगत आवश्यकता र शिक्षक विद्यार्थीको अनुपातको आधारमा दरबन्दी समायोजन तथा शिक्षक सरुवालाई व्यवस्थीत गरिनेछ।
- विद्यालयको नियमित अनुगमन गर्ने र अनुगमनका क्रममा शिक्षकहरुलाइ आदर्श कक्षा प्रर्दशनको लागि स्रोत व्याक्तिको व्यवस्था मिलाइनेछ।
- विद्यालयहरुमा खेल मैदानको यथोचित व्यवस्था गर्नका साथै हरित विद्यालयको अवधारणा अनुरूप विद्यालयहरुमा वाल बगैचा निर्माण गर्ने व्यवस्थाका लागि प्रोत्साहन गरिनेछ।
- विद्यार्थी सख्याको आधारमा अपुग कक्षा कोठा,फर्निचर ,विद्यालय कम्पाण्ड लगाएतको व्यवस्था गरिनेछ।
- धार्मिक विद्यालयमा अध्ययन गर्ने छात्रछात्राहरुको मौलवी कक्षा सञ्चालनको लागी पहल गरिनेछ।

- शिक्षा क्षेत्रक समग्र विकास र गुणस्तर सुधार मार्फत मानव संशाधन विकासका लागि २ करोड २६ लाख ७८ हजार विनियोजन गरिएको छ ।

**<u>ख- युवा तथा खेलकुद :</u>**

- शारीरिक रुपमा सुगठित तथा स्वास्थ नागरिक उत्पादनको लागि गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठन गरि खेलकुद क्यालेण्डर मार्फत खेलकुद प्रतियोगिताहरु आयोजना गरिनेछ साथै सामुदायीक विद्यालयहरुमा खेलमैदानको निर्माण तथा खेलकुद सामाग्रीको व्यवस्थापन लगाएतका अतिरिक्त कार्यक्रमलाइ प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- राष्ट्रपति रनिङ शिल्ड छनौट प्रतियोगितालाई सहकार्य गरि निरन्तरता दिई प्रतियोगिता सञ्चालनको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- फुटवल,भलिवल र क्रिकेट विद्यामा गाउँपालिका स्तरिय अध्यक्ष कप प्रतियोगिता सञ्चालन गरिनेछ ।
- राष्ट्रिय तथा अन्तराष्टिय प्रतियोगितामा सहभागिता जनाउने खेलाडिलाइ प्रोत्साहन भत्ता र पुरस्कारको व्यवस्था मिलाइनेछ ।
- सम्भाव्यता अध्यन गरी विभिन्न साहसिक खेलहरुको प्रतियोगिता सञ्चालन गरि खेलकुदको माध्यमद्धारा प्रयटन प्रर्वधन गरिनेछ।
- युवाहरुलाइ सकरात्मक सोच र सुनौलो भविश्यको भावना जागृत गराउन क्यारियर काउन्सिलिङ्ग कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- बेरोजगार र श्रम गर्न चाहने युवाहरुलाइ पालिका रोजगार कार्यक्रम प्रधानमन्त्री रोजगार कार्यक्रममा आवद्ध गरिनेछ । यूवाहरुको मागमा आधारित योजना तथ कार्यक्रमहरुका लागि बजेटको अभाव हुन दिइने छैन । खेलकुद क्षेत्र विकासका लागी रु २४ लाख विनियोजन गरीएको छ ।

**क) <u>स्वास्थ्य तर्फ</u>**

- जेष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा संचालन  गर्दै नियमित खोप सेवा प्रभावकारी रुपमा संचालन गरी पूर्ण खोप दिगोपना पालिका सुनिश्चित गरिने छ ।
- बाल स्वास्थ्य,पोषण,मातृ शिशु,किशोर-किशोरी,अपाङ्गता भएका व्यक्तिको आधारभुत स्वास्थ्य सेवामा पहुच सुनिश्चित गरिने छ ।
- स्वास्थ्य संस्थाहरुको खानेपानी सरसफाईमा जोड दिदै हाल संचालनमा रहेको ३ वटा वार्थिङ सेन्टर प्रयोगशाला तथा कोलचेन सेन्टरलाई सुद्धिकरण गरिने छ ।
- व्यवस्थित परिवार सुखी परिवारको मर्म अनुसार प्रजनन स्वास्थ्य कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्न परिवार कल्याण कार्यक्रम संचालन गरिने छ ।
- स्वास्थ्य सेवा तर्फका नीतिहरु कार्यान्वयन गर्न सर्शत अनुदानका बाहेक ५४ लाख बजेट विनियोजन गरिएको छ । यसबाट संस्थगत सुत्केरि प्रवर्धन,मातृ मृत्युदरमा कमी,बाल मृत्युदरमा कमीका साथै स्वास्थ्यका सूचकहरुमा उल्लेख्य सुधार हुनेछ ।

२. **लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणः-**

- बालविवाह तथा बालश्रममुक्त गाउँपालिका निर्माणका लागि अभियानकै रुपमा जागरण कार्यक्रम संचालन गर्दै बालमैत्री स्थानीय शासनको अवधारणालाई अंगिकार गर्दै वि.स.२०८४ बैशाख भित्र विजयनगर गाउँपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त घोषणा गर्न क्रमशः गाउँपालिकाका वडा तहमा बालमैत्री स्थानीय शासन घोषणा गर्दै लगिने छ।
- 
- आमा समूह,महिला समूह,एकल महिला,बाल क्लब,किशोर किशोरी,ज्येष्ठ नागरिक,अपाङ्गता तथा लैङ्गिक तथा योनिक अल्पसंख्यक समुदाय लगायतका समूहको सवलिकरण एवं सशक्तिकरण गरिनेछ।
- सामाजिक सुरक्षाको दायरामा पर्ने अपाङ्गता भएका व्यक्ति,ज्येष्ठ नागरिकहरुलाई सहजै परिचय-पत्र प्रदान गरी सो को व्यवस्थित अभिलेखिकरण गरिनेछ।
- लैङ्गिक तथा घरेलु हिंसा,मानव बेचविखन तथा जातिय छूवाछुत जस्ता निकृष्ट अमानविय कृयाकलापलाई निरुत्साहित गरिनुका साथै यस्ता कार्यमा संलग्नलाई कानूनको कठघरामा पुऱ्याउन स्थानीय प्रहरीसँग साझेदारीमा सचेतनामूलक अभियान सञ्चाल गरिनेछ।

- सामाजिक सुरक्षाको दायरामा पर्ने अपाङ्ग,ज्येष्ठ नागरिकहरुलाई सहजै परिचय-पत्र प्रदान गरी सो को व्यवस्थित अभिलेखिकरण गरिनेछ। यस क्षेत्रका लागि ३५ लाख ५० हजार विनियोजन गरिएको छ।

३. **खानेपानी तथा सरसफाई तथा स्वच्छता तर्फ**

- गाउँपालिका भित्र पिउने पानी उपलब्धतालाई क्रमसः सुनिश्चिता गराईनेछ।
- गाउँपालिका भित्र एक घर एक शौचालय निमार्ण कार्यलाई निरन्तरता दिइनेछ।
- **शभ्य विजयनगर, भव्य विजयनगर** अभियान मार्फत गाउँपालिकाको सरसफाई तथा स्वच्छता क्षेत्रमा व्यापक सुधार ल्याउनेछ। यी कार्यक्रम संचालन गर्न ११ लाख विनियोजन गरिएको छ।

४. **बहुक्षेत्रिय पोषण कार्यक्रम तर्फ**

- संघीय सर्शत अनुदान कार्यक्रममा साझेदारी गरि पोषणको अवस्था सुधार गर्न आवश्यक बजेट विनियोजन गरिएको छ।

५. लघुउद्यम विकास शाखा

- गाउँपालिका भित्र नयाँ तथा पुराना लघुउद्यमीहरुलाई आवश्यक सहयोग गरी सीपको स्तरउन्नति बजारमा पहुँच तथा उद्यमशिलता प्रवर्धन गर्न संघीय सर्शत अनुदान कार्यक्रममा आवश्यकताको आधारमा साझेदारी गरिनेछ।

६. **संस्थागत विकास, सेवा प्रवाह र सुशासनः-**

- **मुस्कान सहितको सेवा,सेवा प्रवाहमा टेवा**

- गाउँपालिकामा सेवा लिन आउने सेवाग्राहिलाई सरल, सहज एवं शिघ्र रुपमा सेवा लिने वातावरण निर्माणका लागि कार्यालयको सुरु विन्दुमै एक सोधपुछ तथा सहायता कक्षको व्यवस्था मिलाइनेछ। सेवा लिन आवश्यक पर्ने निवेदनहरु पालिकाबाट नै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।
- पालिकाबाट प्रवाह हुने सेवा प्रवाहलाइ चुस्त दुरुस्त एवं समय सापेक्ष बनाउन सूचना प्रविधिमा आधारित बनाइनेछ।
- नागरिकहरुको सूचनाको हकलाई सुनिश्चित गर्न गाउँपालिकाबाट प्रवाह हुने सेवा तथा सम्पादन भए गरेका सबै प्रकारका कृयाकलापहरुलाई गाउँपालिकाको **Web Site** तथा आधिकारिक Facebook पेजबाट नियमित रुपमा सूचना अध्यावधिक गरी पारदर्शिता तथा सुशासनको प्रवर्द्धन गरिनेछ।
- व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा भत्ता, नक्सा पास, राजस्व प्रशासन, योजना तर्जुमा तथा कार्यान्वयन जस्ता जनतासँग प्रत्यक्ष सरोकार राख्ने विषय र क्षेत्रको विद्युतिय प्रणालीमार्फत् शिघ्र सेवा प्रवाहको व्यवस्था मिलाउँदै लगिनेछ।
- नियमित रुपमा सार्वजनिक सुनुवाई गर्ने र सुनुवाइका बखत सेवाग्राही तथा अन्य सरोकारवाला पक्षबाट प्राप्त हुने गुनासोहरुको यथाशिघ्र फछर्यौट गर्ने तथा प्राप्त सुझावहरुलाई आत्मसाथ गर्दै कार्यालयलाई सेवाग्राहीमैत्री बनाउँदै लगिनेछ।
- कर्मचारीहरुको समय पालनामा अनुशासन कायम गर्न सबै कार्यालयमा विद्युतिय हाजिरीको प्रवन्ध गरि सोको अनिवार्य प्रयोग हुने र प्रत्येक महिनाको हाजिरी अभिलेखको प्रतिवेदन अर्को महिनाको पहिलो हप्ताभित्र कार्यालय प्रमुख समक्ष पेश भइ सो को यथार्थ मूल्यांकन हुने व्यवस्था मिलाइनेछ ।
- आवश्यक जनशक्तिको अभावबाट सिर्जित अधिक कार्यवोझका कारण कार्यालय समय अतिरिक्त काम गर्ने कर्मचारीहरुलाई प्रोत्साहित गरिनेछ।
- संस्थागत विकास सेवा प्रवाहका लागि प्रशासनिक खर्च र कार्यालय संचालन खर्चमा अभाव हुन नदिने व्यवस्था गरिएको छ।
- गाउँपालिकाका पुर्वाधारहरुमा श्रोत परिचालन गर्न नगर विकाश कोषमा गाउँपालिकाको सेयर स्वामित्व रहनेगरी आवश्यक प्रवन्ध मिलाइनेछ।

७. **योजना तथा पूर्वाधार विकाशः-**

- गाउँपालिका भित्र सञ्चालन हुने योजनाहरुलाई प्राविधिक लागत अनुमान एवं सम्झौतामा तोकिए बमोजिमको समय, परिमाण र गुणस्तरमा सम्पन्न गर्न उपभोक्ता समिति र संलग्न कर्मचारीहरुलाई आवश्यक तालिमको व्यवस्था मिलाइनेछ।
- विगत वर्षहरुदेखि लागु भइरहेको नक्सा पासको व्यवस्थालाई थप व्यवस्थित गर्दै अनिवार्य गरिनेछ। नक्सा पास नगरी बनाएका घरहरुलाई एकपटकका लागि प्रकृया पुर्‍याई दर्ता गर्ने व्यवस्था मिलाइनेछ।
- गाउँपालिकामा रहेका मूख्य चोक तथा सडकहरुको सौन्दर्यीकरण गरिनेछ । स्थानीय वन व्यवस्थापन समितिसँगको सहकार्यमा सडक छेउँछाउ र सार्वजनिक स्थानहरुमा अभियानकै रुपमा वृक्षरोपण कार्य अगाडि बढाइनेछ।
- निर्माण सम्पन्न भईसकेका सडकहरुको मर्मत संभारलाई नियमित गर्नका लागि सडक मर्मत कोषको व्यवस्था गरि मर्मत संभारको व्यवस्था मिलाइनेछ ।

- आगलागी तथा अन्य प्राकृतिक प्रकोपबाट पिडित भएका तथा गरिबिको रेखामुनी रहेका घरपरिवारलाई **जस्ता पाताको** छानामुनि ल्याउने कार्यलाई निरन्तरता दिइनेछ।
- दिगो पुर्वाधार विकास मार्फत जीवनस्तरमा सुधारका लागि ....रकम विनियोजन गरिएको छ।

८. **न्यायिकः**

- प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना गरिनेछ।
- न्यायिक समितिमा प्राप्त उजुरीको प्राथमिकताको आधारमा निरुपणको व्यवस्था मिलाउनुका साथै किनारा लागेका उजुरी फाइलहरुको चुस्त अभिलेख व्यवस्थापन गरिनेछ।
- अधिकाधिक मात्रामा मेलमिलाप पद्धतिको माध्यमबाट बिवादको निरुपण गर्न मेलमिलापलाई प्रोत्साहित गर्ने श्रव्य-दृष्य सामाग्रिहरुको उपलब्धता सहितको एक पालिका स्तरिय मेलमिलाप कक्षको स्थापना गरिनेछ।
- मेलमिलापकर्तालाई थप पुनर्ताजकी तथा योग्यता पुगेका इच्छुक ब्यक्तिलाई मेलमिलाप सम्वन्धी आवश्यक तालिमको व्यवस्था मिलाइनेछ।
- न्यायिक निरुपणलाई सरल, शिघ्र तथा न्यून शुल्कमा प्रदान गर्नको लागि आम जनतालाई न्युनतम कानूनी एवं न्यायिक साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ। न्यायिक समिति तर्फ १२ लाख विनियोजन गरिएको छ।

९. **वातावरण तथा विपद व्यवस्थापनः-**

- पालिकाभित्र प्राकृतिक तथा मानविय कारणबाट हुनसक्ने विपत्तिको व्यवस्थापन गर्न तथा विपदबाट पिडित नागरिकहरुलाई राहत तथा उद्धारका कार्यक्रम सञ्चालन गर्न विपद व्यवस्थापन कोषमा आवश्यक रु १५ लाख विनियोजन गरीएको छ।
- विपद जोखिम न्यूनिकरणका लागि जलवायु परिवर्तन अनुकुलन युक्त पूर्वाधार विकासमा जोड दिइनेछ।
- अग्नि नियन्त्रणका लागि छिमेकी पालिकाहरुसँगको समन्वयबाट वारुणयन्त्रको आवश्यक परेका बखत सहजै उपलब्धताको सुनिश्चितता गरिनेछ।
- बाढीका एवं नदी कटानका कारण जोखिम भएका ठाउँमा आवश्यकता अनुसार तटवन्ध, रिटर्निङ्ग वाल निर्माणका साथै वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ। यस कार्यका लागी रु २५ लाख विनियोजन गरिएको छ।

**२४. आयुर्वेद तर्फ**

- आयुर्वेद सेवा नपुगेका स्थानमा गाँउघर क्लिनिक सेवा संचालन गरिनेछ।
- मातृशिशु सुरक्षाको लागि महिला स्वंयसेविका लाई सेवा संग सम्बन्धित तालिमहरु संचालन गरिने छ।
- विश्वव्यापि रुपमा विधमान नसर्ने रोगहरको दिर्धकालिन व्यवसथापनको लागी आयुर्वेद औषधालयबाट स्वस्थ जिवनशैली तथा योग सेवाहरुको प्रवाह सहित नागरिक आरोग्य कार्यक्रम संचालन गरिनुपर्ने।
- आयुर्वेद सेवा तर्फका कार्यक्रम सञ्चालन गर्न ५ लाख ७५ हजार विनियोजन गरिएको छ।

१०.**राजश्व प्रशासनः-**

- सबै किसिमका आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याई राजश्वको आकार फराकिलो बनाउनुका साथै आर्थिक विकासलाई प्रत्यक्ष सहयोग पुग्ने गरी कर प्रणालिलाई सुदृढ, सवल एवं सक्षम बनाईनेछ ।
- उपभोक्ता समितिमा बस्ने पदाधिकारीहरु (अध्यक्ष, सचिव र कोषाध्यक्ष)को लागि योजना सम्झौता गर्नु अघि गाउँपालिकामा तिर्नुपर्ने कर वक्यौता भए सम्झौता पूर्व सो को दाखिला अनिवार्य गरिनेछ ।

११.**सामाजिक सुरक्षा तथा पञ्जिकरण:**

- 'क' बर्गका अपाङ्गता भएका व्यक्ति र ९० वर्ष भन्दा माथीका जेष्ठ नागरिक तथा विरामी भई अशक्त भएका लाभग्राहीहरु लाई सामाजिक सुरक्षा भत्ता वितरणको सेवा घरमै पुर्याउने व्यवस्थाको लागी पहल गरिनेछ।
- सामाजिक सुरक्षा लगायत पञ्जिकरण लाई सशक्त प्रभावी बनाउन सामाजिक सुरक्षा तथा घटना दर्ता सुदृढीकरण अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- २०८१ साल १ देखी ७ गते लाई घटना दर्ता सप्ताहको रुपमा सञ्चालन गरिनेछ।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमहरुको सुचना प्रवाह सामाजिक सञ्जाल रेडियो अनलाईनका अन्य माध्यम द्धारा गरिनेछ।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सुद्धिकरण र सूचना प्रविधि क्षेत्रमा पहुँच गर्नको लागी सूचना प्रविधि अधिकृत,एम.आई.एस र फिल्ड सहायक पदका कर्मचारीलाई निरन्तरता गरिनेछ।

**सहकारी**

१. सहकारी सस्थाको अनुगमन,मुल्याङ्कन र सहकारी शाखा संचालनका लागि व्यवस्थापन गर्न रु ५ लाख विनियोजन गरीएको छ।

**गाउँपालिकाको आय र व्ययको अनुमान समेटिएका अनुसुचीहरु छुट्टै पानामा संलग्न गरिएको छ।**

*अन्त्यमा, यो नीति तथा कार्यक्रम र बजेटको सफल कार्यान्वियनबाट यस गाउँपालिकाको विकास र समृद्धिको लागि उल्लेखनिय योगदान पुग्ने अपेक्षा गरेको छु। नीति तथा कार्यक्रम कार्यान्वियनका लागि सरोकारवाला सबै क्षेत्रबाट महत्तम सहयोग हुनेछ भन्ने विश्वास लिएको छु। बिजयनगर गाउँपालिका विकाश, सवृद्धि सुशासन, तथा गरिबी निवारणको क्षेत्रमा क्रमश अघी बढिरहेको छ। सिमित श्रोत साधनबाट असिमित आवश्यकता पुरा गर्न समय लाग्नु स्वभाविकै हो। बजेटको कार्यान्यिनबाट दिगो बिकासका लक्ष्यहरु पुरा हुदै जनताको जिवनस्तरमा प्रत्यक्ष सुधार देखिएमा बजेट सफल भएको मानिनेछ। निति, कार्यक्रम तथा बजेट निर्माणको क्रममा आ-आफ्नो क्षेत्रबाट योगदान एवं सहयोग गर्नुहुने जनप्रतिनिधि ज्यूहरु, राष्ट्रसेवक कर्मचारी, राजनैतिक दल, नीजि क्षेत्र, सहकारी क्षेत्र तथा संघ सस्था, नागरिक समाज, बुद्धिजिवी, सञ्चारजगत लगायत सम्पूर्ण पालिकाबासीहरुलाई धन्यवाद ज्ञापन गर्दछु।*

**लक्ष्मी कुमारी चौधरी**
**उपाध्यक्ष**

**मिति २०८०।०३।१० गते आइतबार**